# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ ६ गते २०१८ साल

### नेपाल लोकसेवा आयोगको विज्ञापन

निम्नलिखित विभाग, पाठशाला, अस्पताल तथा अड्डाहरूलाई निम्न लेखिए बमोजिम पदहरू चाहिएकाछन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रहरूको नक्कल र मार्कशीटको नक्कलहरू सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनु पर्छ । योग्य उम्मेदबारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताका निमित्त अर्को सूचना गरिनेछैन ।

दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्माभई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै बिचार हुने छैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूरसहित आफ्ना विभागीय प्रमुख ( विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख ) को सिफारिश पेश गर्नुपर्छ ।



११८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी, गौंडा, गोस्वारामा पनि पाइने छ। एक फारामको निमित्त ने. रू.।१० दश पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाएपनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ।

## विज्ञापन नं. १३९

१. पद र स्थानः–रेडियो नेपाललाई एक जना नेपाली समाचार उप सम्पादक तथा प्रसारक, नन् ग्याजेटेड (प्रथम श्रेणी), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः– एस्. एल्. सी वा सो सरह।
३. वांछनीय योग्यताः– माइक अनुकूल स्वर भएको तथा राम्रो सम्पादन गर्नसक्ने हुनुपर्छ
४. मासिक तलबको स्केल भत्ताः– तलब ने. रू. १७५। देखि ३००। सम्म।
५. दरखास्त दस्तूरः– नगद ने. रू. १।५० एक रूपैयां पचास पैसा।
६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः–२०१८।२।५।५
७. सम्पर्क मितिः– २०१८।२।११।४ का दिन ४ बजे।
८. कामः– नेपाली समाचार सम्पादन र प्रसारण।
९. उमेरः– उम्मेदवारहरूको उमेर २१ वर्ष पुरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ।

## विज्ञापन नं. १४०

१. पद र स्थानः - रेडियो नेपाललाई एक जना हिन्दी समाचार उप सम्पादक तथा प्रसारक नन् ग्याजेटेड (प्रथम श्रेणी), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः– एस्. एल्. सी. वा सो सरह।
३. वांछनीय योग्यताः– माइक अनुकूल स्वर भएको तथा राम्रो सम्पादन गर्नसक्ने हुनुपर्छ।
४. मासिक तलबको स्केलः– तलब ने. रू. १७५। देखि ने. रू. ३००। सम्म।
५. दरखास्त दस्तूरः–नगद ने. रू. १।५० एक रूपैयां पचास पैसा।
६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।२।५।५
७. सम्पर्क मितिः– २०१८।२।११।४ का दिन ४ बजे।
८. कामः– हिन्दी समाचार सम्पादन र प्रसारण।
९. उमेरः– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ।

## विज्ञापन नं. १४१

१. पद र स्थानः– पशुपति नगर अस्पताललाई एक जना डाक्टर गजेटेड, (तृतीय श्रेणी), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः– एम्. बी. बी. एस्. पास,
३. मासिक तलबको स्केलः– तलब ने. रू. ३५०। देखि ने. रू. ६२५। सम्म।

११८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. दरखास्त दस्तूरः– नगद ने. रू. ३। तीन रूपैयां ।

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।२।२०।६

६. सम्पर्क मितिः– २०१८।२।२४।३ का दिन ४ बजे ।

७. कामः— अस्पतालको इन्चार्ज भै परिआएको चिकित्सा सम्बन्धी काम ।

८. उमेरः– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. १४२

१. पद र स्थानः– भक्तपुर कन्या मिडिल स्कूललाई एक जना महिला मिडिल शिक्षक, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– एस्. एल्. सी. पास ।

३. वांछनीय योग्यताः— शिक्षण कलामा अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

४. मासिक तलबको स्केलः– तलब ने. रू. १२५। देखि ने. रू. १७५। सम्म ।

५. दरखास्त दस्तूरः– नगद ने. रू. १। एक रूपैयां ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।२।६।६

७. सम्पर्क मितिः– २०१८।२।१२।५

८. उमेरः– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेकोहुनुपर्छ ।

## विज्ञापन नं.१४३

१. पद र स्थानः– पूर्व २ नं. रामेछाप गुल्मी, डडेलधुरा, उदयपुर, ओखलढुंगा, दैलेख, प्यूठान, बैतडीसमेत हेल्थ सेन्टरहरूलाई १।१ गरी जम्मा डाक्टर ग्याजेटेड, स्थायी तथा पेन्सन पाइने.

२. आवश्यक न्यूनतम योग्यताः– एम. बी. बी. एस्. ।

३. मासिक तलबको स्केलः– तलब ने. रू. ३५०। देखि ६२५। सम्म ।

४. दरखास्त दस्तूरः– नगद ने.रू. ३। तीन रूपैयां ।

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।२।२०।६

६. सम्पर्क मितिः– २०१८।२।२६।५ का दिन ४ बजे ।

७. कामः– हेल्थ सेन्टरको इन्चार्ज तथा चिकित्सा सम्बन्धी सबै काम ।

८. उमेरः उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. १४४

१. पद र स्थानः–स्वास्थ्य सेवा आयुर्वेदीय विभागलाई श्री डांडाडरा आयुर्वेदीय औषधालयका निमित्त एक जना उपवैद्य स्थायी तथा पेन्सन पाइने ।

११३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यताः– श्री ५ को सरकाबाट स्वीकृत आयुर्वेद विद्यालयमा पढी आयुर्वेद उपवैद्य वा सो सरह पास ।
३. वांछनीय योग्यताः– सरकारी छात्रवृतिबाट पास भएका तथा आयुर्वेद मध्यमा भए–कालाई ग्राह्यता दिइने ।
४. मासिक तलबको स्केल :– तलब ने. रू. ६०। देखि ने. रू. १०५।।। सम्म ।
५. दरखास्त दस्तूरः– नगद ने. रू. १। एक रूपैयां ।
६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः–२०१८।२।२०।६
७. सम्पर्क मितिः– २०१८।२।२६।५ का दिन ४ बजे ।
८, कामः– रोगीको चिकित्सा र औषधालय तर्फ परिआएको काम गर्ने ।
९, उमेरः– उम्मेदवारहरूको उमेर १६ बर्ष पूरा भएको तथा ३५ बर्ष ननाघेको हुनुपर्छ ।

आज्ञाले
विनोदप्रसाद धिताल
सचिव
लोकसेवा आयोग

## नेपाल लोकसवा आयोगको विज्ञापन नं. १४५

विभिन्न मन्त्रालय, विभाग तथा अड्डाहरूमा हाल खाली भइरहेका र पछि रिक्त भै यस आयोगमा माग प्राप्त हुन आएमासमेत सिफारिश हुने गरी टाइपिष्ट पदको तेस्रो समूह ०१७।१८ को निमित्त प्रयोगात्मक परीक्षा लिने प्रवन्ध भएको छ । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त (फी) दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रहरूको नक्कल र मार्कशीटको नक्कलहरू सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्र-हरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनु पर्छ । सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क राख्नुपर्छ नराखेमा परीक्षा वा अन्तर्वार्ताका निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्तको म्यादको आखिरी दिन धेरैं दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुबिधा हुने हुँदा समयमानै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

१२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी, गौंडा, गोस्वारामा पनि पाइने छ। एक फारामको निमित्त ने. रु. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिने जति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

विवरण

१. पदः– टाइपिष्ट स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः– नेपाली र अंग्रेजी टाइपराइटिंग पास भै प्रमाणपत्र प्राप्त।

३. वांछनीय योग्यताः- निजामती मध्यम वा एस्. एल्. सी. वा सो सरह वा सोभन्दा बढी योग्यता भएंकालाई ग्राह्यता दिइने छ।

४. मासिक तलवको स्केलः– तलव ने. रू. ५५। देखी ८५। सम्म।

५. दरखास्त (फी) दस्तूर :– नगद ने. रू. १। एक रूपैयां।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०१८।१।२३।६

७. सम्पर्क मितिः– २०१८।१।२६।५ का दिन ४ बजे।

८. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको, ३५ वर्ष नमाधेको हुनु पर्छ।

आज्ञाले–
विनोदप्रसाद धिताल
सचिव,
नेपाल लोकसेवा आयोग

## नेपाल लोकसेवा आयोगको विज्ञापन नं.१४६

श्री महेन्द्र आयुर्वेदीय बैतडी औषधालयलाई एक जना वैद्य चाहिएको छ। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको प्रमाणपत्रहरूको नक्कल र मार्कशीटको नक्कलहरू सबै सामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनु पर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी तल लेखिएका मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ नराखेमा परीक्षा वा अन्तर्वार्ताका निमित्त अर्को सूचना गरिने छैन।

दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्माभई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको,रीत नपुगेको, दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन। बहालवाला कर्मचारीहरूले

९२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त दिंदा दरखास्त दस्तरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा. गोस्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त ने. रू. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

विवरण

१. पद र स्थानः— श्री महेन्द्र आयुर्वेदीय बैतडी औषधालयको निमित्त एक जना वैद्य, ननग्याजेटेड द्वितीय श्रेणी, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः— श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेदीय विद्यालय वा महाविद्यालयमा पढी आयुर्वेदाचार्य वा सो सरह पास भएको ।

३. वांछनीय योग्यताः— सरकारी छात्रवृत्तिबाट पढी पास भएका तथा अनुभवीलाई ग्राह्यता दिइने छ ।

४. मासिक तलवको स्केलः— तलव ने. रू. १२५। देखि २३५। सम्म ।

५. दरखास्त दस्तूरः— नगद ने. रू. १। एक रूपैयां ।

६.दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः— २०१८।१।१२।२

७. सम्पर्क मितिः— २०१८।१।१४।४ का दिन ३ बजे ।

८. उमेरः— उम्मेदवारहरूको उमर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

आज्ञाले—
विनोदप्रसाद धिताल,
सचिव,
लोकसेवा आयोग,

## नपाल लोकसेवा आयोगको विज्ञापन नं. १४७

रोपवे डिपार्टमेन्टको वर्क्सशप टेकुलाई एक जना मेकानिक चाहिएको छ । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनुपर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कलहरूसमेत सबैशामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथै लिई आउनु पर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी तल लेखिएका मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । नराखेमा परीक्षा वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिनेछैन ।

१२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारण तया उम्मेदवारहरूको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा गोस्वाराहरूमा पनि पाइनेछ । एक फारामको निमित्त ने. रू. । १० दश पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ ।

<u>पदको विवरण यस प्रकार छ ।</u>

१. पद र स्थान:– रोपवे डिपार्टमेन्ट वर्क्सशप टेकुलाई एक जना मेकानिक, नन्‌गजेटेड प्रथम श्रेणी स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– मेकानिकल इन्जिनियरिङ्गमा डिप्लोमा कोर्ष पास गरेको ।

३. वांछनीय योग्यता:— मेकानिकल डिजाइन र कुनै मेकानिकल संस्थामा काम गरेको अनुभवीलाई ग्राहृचता दिइनेछ ।

४. मासिक तलवको स्केल:– तलव ने. रू. २००। देखि ३७५। सम्म ।

५. दरखास्त (फी) दस्तूर:– नगद ने. रू. १।५० एक रूपैयां पचास पैसा ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:– २०१८।१।१३।३

७. सम्पर्क मिति:– २०१८।१।१५।५ का दिन ३ बजे ।

८. उमेर:– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

आज्ञाले–
विनोदप्रसाद घिताल
सचिव
लोकसेवा आयोग

## नेपाल लोकसेवा आयोगको विज्ञापन नं. १४८

विभिन्न मंत्रालय विभाग तथा अड्डाहरूमा हाल खाली भएको र पछि रिक्त भै माग प्राप्त हुनआएमासमेत सिफारिश हुने गरी बहीदार दोस्रो समूह २०१७।१८ को निमित्त लिखित प्रतियोगितात्मक परीक्षा लिने प्रवन्ध भएको छ । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त (फी) दस्तूर, परीक्षा दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्नेगरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त

923
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नकलहरूसमेत सबै सामेल राखी पेश गर्नुपर्छ। पेश गरिएका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथै लिई आउनु पर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेशगरी तल लेखिएका मितिमा यस आयोगसँग सम्पर्क राख्नु पर्छ। सम्पर्क नराखेमा परीक्षाको निमित्त अर्को सूचना गरिने छैन।

दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त दाखिल हुन सूचित गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त (फी) तथा परीक्षा दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुन छैन।

बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर र परीक्षा दस्तूरसहित आफ्ना विभागीय प्रमुख ( विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख ) को सिफारिश पेश गर्नुपर्छ। दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी गौंडा र गोस्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त ने. रू. ।१० पैसा मोलतिरी सोझै यस आयोगबाट चाहिए जति फाराम झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

विवरण

१. पदः– बहीदार, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– निजामती मध्यम परीक्षा वा एस्. एल्. सी. वा सो सरह पास तर ऐन स्रेस्तानलिई एस्. एल्. सी वा सो सरह पास भएका उम्मेदवारहरू सिफारिश भएमा सिफारिश पाएका मिति पछि खुल्ने निजामती मध्यम परीक्षासम्ममा पास हुन नसके स्वतः खारेज हुने छन्।

३. वांछनीय योग्यताः– नेपाली तथा अंग्रेजी टाइपराइटिंग र एस्. एस्. सी. समेत पास भएकालाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केलः– तलब ने. रू. ५५। देखि ८५ सम्म।

५. दरखास्त दस्तूरः– नगद ने. रू. १। एक रूपैयां।

६. परीक्षा (फी) दस्तूरः– नगद ने. रू. ५। पांच रूपैयां।

७. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।२।२५

८. सम्पर्क मितिः– २०१८।२।२२।१ दिन ४ बजे ।

९. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ।

१० लिखित परीक्षामा सम्मिलित हुन पाउने उम्मेदवारहरूको नामावली, परीक्षाको कार्यक्रम र परीक्षा हुने स्थान सम्पर्कको दिन ४ बजे यस आयोगको सूचना पाटीमा टांगिने छ। परीक्षाको लागि तपसीलका विषयहरू रहने छन्।

९२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तपसील

(क) प्रथमपत्र : हिसाव र ऐन श्रेस्ता । पाठ्यक्रम बारे केही कुरा बुझ्नु परेमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । १००

(ख) द्वितीयपत्र: नेपालको इतिहास र भूगोल । इतिहासमा श्री ५ बडा महाराजा पृथ्वीनारायण शाहदेखि हालसम्म १००

(ग) तृतीयपत्र: निवन्ध मजबून र साधारण ज्ञान । १००

द्रष्टव्य: हरेक प्रश्नपत्रमा छोटो छरितो राम्रो लेखाइलाई १० नम्बर दिइने छ ।

सिहदरबार

२०२७।१२।२६।३

आज्ञाले

विनोदप्रसाद धिताल

लोकसेवा आयोग

## नेपाल लोकसेवा आयोगको विज्ञापन नं. २३६

इलाम, गौंडा र चिसापानी गढी तथा उक्त जिल्लाका अन्य सबै अड्डाहरूमा हाल खाली भैरहेका र पछि रिक्त भएमासमेत सिफारिश हुने गरी लिखित परीक्षा र त्यस पछि खुला प्रतियोगितात्मक परीक्षा लिने प्रवन्ध भएको छ । उक्त गौंडा तथा गढी मा यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिनानिमित्त कमसेकम १।। महिनाको अवधि दिई जिल्लाभर विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न सो गौंडा तथा गढीलाई २०१७।१२।२०।१ मा लेखी गैसकेकोले इच्छुक योग्य उम्मेदवारहरूले आफूले पाएका प्रमाणपत्रसहित विज्ञापन बमोजिम तोकिएको म्यादभित्र उक्त गौंडा तथा गढी मा पुग्ने गरी यस आयोगको दरखास्त फाराम नं. (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त (फी) दस्तूर परीक्षा दस्तूरसहित दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । लिखित परीक्षा तथा अन्तर्वार्ताको कार्यक्रम गौंडा तथा गढी बाटै प्रकाशित हुनेछ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, म्याद नाघी दाखिल भएको दरखास्त (फी) दस्तूर तथा परीक्षा दस्तूर नभएको दरखास्त उपर कुनै कारवाइ हुनेछैन ।

बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त (फी) दस्तूर र परीक्षा दस्तूरसहित आफ्ना विभागीय प्रमुख ( विभागीय प्रमुख टाढाभए अड्डा प्रमुख) को सिफारिश पेश गर्नु पर्छ ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा गोस्वाराहरूमा पनि पाइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त फाराम १ को मोल ने. रू. ।१० पैसा तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

बिवरण

१. पदः– मुखिया, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– भरसक निजामती मध्यम पास र स्कूल पाठशालामा पढी अंग्रेजी र संस्कृतको पनि ज्ञान भएको वा एस्. एल्. सी. वा सो सरह पास हुनु पर्छ तर सो नभएका इच्छुक उम्मेदवारहरूले पनि परीक्षामा सामेल हुन पाउनेछन् ।

३. मासिक तलवको स्केलः–ने. रू. ७५। देखि १२५। सम्म ।

४. दरखास्त (फी) दस्तूरः– नगद ने. रू. १। एक रूपैयां ।

५. परीक्षा दस्तूरः– नगद ने. रू. ८। आठ रुपैयां ।

६. प्रथम नियुक्तिको समय उम्मेदवारहरू ६ महीनाको परीक्षण अवधि (प्रोबेशन पिरियड) को निमित्त लिइनेछ औ उपयुक्त ठहरेमा ६ महीना पछि निजहरूको स्थायी थमौती (कनफर्मेशन) हुनेछ ।

७. उमेरः– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ ।

आज्ञाले
विनोदप्रसाद धिताल
सचिव,
लोकसेवा आयोग

## नेपाल लोकसेवा आयोगको सूचना नं. २३७

शिक्षा मन्त्रालय अन्तर्गत दांग हापुर बिजौरी संस्कृत माध्यमिक पाठशालालाई चाहिने ३ जना माध्यमिक शिक्षक पदका निमित्त यस आयोगको विज्ञापन नं. ११२ प्रकाशित भैरहेकोमा हाल फेरी १ एक माध्यमिक शिक्षकको माग प्राप्त हुन आएकोले उक्त पाठशालालाई जम्मा ४ जना माध्यमिक शिक्षक चाहिएको र उक्त ४ माध्यमिक शिक्षक मध्ये १ पदका निमित्त न्यूनतम योग्यता आइ. ए. र अर्को ३ पदका निमित्त संपूर्ण मध्यमा तोकिएको हुंदा सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले—
विनोदप्रसाद धिताल,
सचिव,
लोकसेवा आयोग

गोरखापत्र छापाखानामा मुद्रित

१२६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।